NJ: NUTA

# नेपाली शास्त्रीय सङ्गीतमा तण्डुकार घराना

**सरोजनी तण्डुकार**
सङ्गीत विभाग, पद्मकन्या बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय, नेपाल
**Email**: rajani_ac@hotmail.com

**लेखसार**

*नेपाली शास्त्रीय सङ्गीतको इतिहासमा तण्डुकार घरानाको भूमिका ठुलो छ । सङ्गीत क्षेत्रमा तण्डुकारहरू उस्तादको नामले चिरपरिचित छन् । काठमाडौँको भोँसिकोटोल उस्तादहरूको उद्‌गमस्थल हो । खुसः जातले पनि परिचित यिनीहरूको मुख्य पेसा कृषि हो । कामारूकामाक्षबाट रातो मच्छिन्द्रनाथ बोकेर ल्याउने रथचक्र ललित ज्यापुलाई पूर्वज मान्ने तण्डुकारहरू जात्रापर्व, पूजापाठ, गीत सङ्गीततर्फ पनि दखल भएकाले लिच्छवी राजाले लालमोहर लगाई काः बाजा बजाउने अधिकार तण्डुकारलाई दिएका थिए । यद्यपि मच्छिन्द्रनाथको जात्रामा तण्डुकारहरूले सर्वप्रथम रथ तानेर उक्त जात्राको शुभारम्भ गर्ने चलन रहेको छ । यसरी संस्कृति र सङ्गीतकलालाई आत्मसात् गरी अगाडि बढेकाले नै यिनीहरू शास्त्रीय सङ्गीतप्रति आकर्षित भएका देखिन्छन् । यसैको परिणामस्वरूप गरिमामय घराना कायम गर्न सफल भएका हुन् । प्राप्त जानकारीअनुसार वीरभीमसेन तण्डुकारदेखि उ. नारायणप्रसाद तण्डुकारसम्म पाँच/छ पुस्ताको अध्ययनबाट देशभित्र मात्र नभई विदेशमा पनि तण्डुकारहरूले योगदान पुर्‍याएको बुझिन्छ । देश तथा विदेशबाट उनीहरूले प्राप्त गरेका पुरस्कार, प्रमाण पत्र, पदक, प्रशंसापत्र, गीत रेकर्ड यो सन्दर्भलाई पुष्टि गर्ने प्रमाण हुन् । विद्यालय तथा विश्वविद्यालयमा हाल कार्यरत तथा अवकाशप्राप्त शिक्षक तथा प्राध्यापकहरू उत्पादनमा यो घरानाको ठुलो देन छ । यस घरानाले पुर्‍याएका योगदानका विषयमा वैज्ञानिक तथा व्यवस्थित ढङ्गले विश्लेषण गरी तयार पारिएका सामग्रीहरू आजसम्म पनि प्राप्त हुन सकेका छैनन् । यस विषयमा गहन अध्ययन अनुसन्धान भएको देखिँदैन । यो नै यस क्षेत्रको ठुलो समस्या हो । उक्त क्षेत्रको अध्ययन, चिनारी तथा समस्याको सम्बोधन गर्ने प्रमुख उद्देश्यका साथ तण्डुकारघराना र नेपाली शास्त्रीय सङ्गीत शीर्षकको यो लेख तयार गरिएको हो ।*

**शब्दकुञ्जी** : उस्ताद, काः खुस, घराना, तण्डुकार, बाजा, शास्त्रीय सङ्गीत

## पृष्ठभूमि

पूर्व मेचीदेखि पशिचम महाकाली, उत्तरमा हिमालयदेखि दक्षिणमा तराईसम्म बसोबास गर्ने आदिवासीहरूमा नेवार पनि एक हो । मुलुकभरि छिटफुट रूपमा यो जातिको बसोबास पाइन्छ । यद्यपि प्रमुख बासस्थान भने उपत्यका नै हो । हजारौँ वर्षअघिदेखि उत्तरमा तिब्बत र ल्हासासँगको व्यापारको बाटो उपत्यका नै भएकोले नेवारहरू व्यापार, उद्योगधन्दा, कलाकौशल, साहित्य र सङ्गीतमा परिपक्व भई अरू जातिको दाँजोमा धेरै नै सभ्य सुसंस्कृत भएको देखिन्छ (तण्डुकार, २०६७, पृ. १४) । काठमाडौँ उपत्यका दहको रूपमा छँदा नै दहको वरिपरि बसोबास गर्ने जाति नेवार नै थिए (बज्राचार्य, २०६८,पृ. ५३) । पछि चीनबाट मञ्जुश्री आएर उपत्यकाको पानी

चोभारको डाँडो काटेर बाहिर पठाई बस्ती बसाली शासन गर्ने पनि पहिलो राजा धर्माकर नेवार नै थिए (तण्डुकार, २०६७, पृ. १४) ।

शक संवत्८११, ने.सं.९, ई.सं.८८९ मा भारतको कर्णाटक देशका राजा नान्यदेवले कान्तिपुर र ललितपत्तनका राजा जयदेव मल्ल र भक्तपुरका राजा आनन्द मल्ललाई हराई देशनिकाला गर्दा राजा नान्यदेवसँग नायरा निवासी ब्रह्मपुत्रसहितविशाल सेना आएका थिए । उनीहरूले बसोबास गरेकाले नायराबाट नेवार भएको विश्वास गरिन्छ (श्रेष्ठ, ने.सं. १०८८, पृ. ८८-८९) । नेवार जातिको उत्पत्तिको विषय टुङ्गो लगाउन नसके तापनि हिजोआजका नेवारहरू एउटै जातिबाट आएका होइनन् भन्नेमा सहमत भएको देखिन्छ (तुलाधर, २०५७, पृ.४) । यिनीहरूको भाषामा तिब्बती, मैथिली, आर्यन, इन्डोआर्यन, बर्मिजजस्ता भाषाको मिश्रण भएकोले नेवार जातिको उत्पत्ति यिनै जाति विशेषबाट भएको मान्नु पर्दछ । कृषि नै मुख्य पेसा अपनाएर बसेका नेवारहरू व्यापार, उद्योग, सङ्गीत, कला तथा निर्माणसम्बन्धी काम गर्ने (craptus) जस्ता पेशामा पनि उत्तिकै महत्त्व दिन्छन् । योजातिको आफ्नै भाषा, लिपि तथा संस्कृति छ (तण्डुकार, २०६६, पृ. १) ।

एकातिर भारतको नायराबाट नेवार भएको हो भनिन्छ भने इतिहासका ज्ञाता पुरातत्त्वविद्का अनुसार नेपालको उत्तर र दक्षिण भागबाट आएका गोपालवंशी, किराँतवंशी, लिच्छवीवंशी, कोलीय, शाक्य, मल्ल, कर्णाटकवंशहरूको मिश्रणबाट नेवार जातिको उत्पत्ति भएको पनि मानिन्छ (तण्डुकार, २०६७, पृ. १) । अर्को मतअनुसार बागमती नदीको आसपास करिब १६x२० माइल क्षेत्रफलमा बसोबास गर्ने नेवाः, नेवाङ, नेवाहाङ जाति मङ्गोलियन जातिबाटै आएको आजका पुस्ता हुन् (तुलाधर, २०५७, पृ. ४) ।

यसरी विभिन्न जाति र भाषाका शब्दहरूबाट अपभ्रंश भई नेवार भएको भनिए तापनि यिनीहरू अरू जातिभन्दा सभ्य, शिक्षित र सम्पन्न नै देखिन्छन् । ई.सं. २०११ को जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्या २६४९४००० मा नेवारहरूको जनसङ्ख्या १३२१९३३ (३.५०%) रहेको छ (सिं, २०१५, पृ.१७) । यिनै नेवार जातिअन्तर्गत पर्ने खेतीपातीलाई नै मुख्य पेसा बनाएर उपत्यकामा बसोबास गर्दै आएका जातिहरूमध्ये ज्यापु जातिसँग सम्बन्धित तण्डुकार पनि हो ।उपत्यकाका प्रथम आदिवासीका रूपमा चिनिने तण्डुकारजातिले आफ्नै परम्परा, संस्कृति, रीतिरिवाजलाई हालसम्म यथावत् कायम गर्दै आएका छन् । रैतीदेखि दरवारसम्म आफ्ना सिप, नयाँ प्रविधि र कला कौशलका माध्यमबाट स्वर्णिम इतिहास स्थापित गर्न सफल तण्डुकार जातिलाई नेवारीमा खुसः भनिन्छ (तण्डुकार, २०५९, पृ. १) ।

यिनीहरूलाई कोलीय पनि भनिन्छ । कोलीयहरू कपिलवस्तु आसपासको देवदहबाट बसाइँ सर्दै उपत्यकामा प्रवेश गरेका हुन् । बुद्धको पालामा कोसल नरेश विढुदवंले कपिलवस्तु र देवदहमा आक्रमण गरेपछि कोलीयहरू उपत्यकामा भागेर आएका थिए । त्यसैले उनीहरूले बसोबास गरेको स्थानलाई कोलीयग्राम भन्न थाले । पछि कोलीयग्राम नै अपभ्रंश भई हालको कुरिया गां बनेको हो । यिनै कोलीयहरूले नै धानको बिउसहित नयाँ प्रविधि भित्र्याएका थिए । संस्कृत भाषामा चामललाई 'तण्डुल' भनिन्छ । यसरी तण्डुलको काम गर्ने भएकाले तण्डुलकारबाट पछि तण्डुकार भएको हो । कोलीयहरूको मुख्य पेसा पशुपालन भएतापनि उपत्यका प्रवेश सँगसँगै धान रोपेर चामल बनाउने नयाँ प्रविधिको प्रयोगले खेतीलाई नै मुख्य पेसा बनाएको देखिन्छ । यतिमात्र नभई तानबाट कपडा बुन्ने, धातुकला, वास्तुकला, सङ्गीतकला आदि संस्कृतिलाई पनि सँगै ल्याई सुसंस्कृत र सभ्य समाज निर्माण गरेका हुन् (शाक्य, २०५१, पृ. ६५) ।

## अध्ययनको समस्या

करिब डेढ दुईसय वर्ष अघिदेखि शास्त्रीय सङ्गीतमा लागेर तण्डुकार घराना कायम गर्न सफल वीरभीमसेन

तण्डुकारका वंशजले नेपाली शास्त्रीय सङ्गीतको विकास, प्रचारप्रसार तथा उन्नयनको लागि ठुलो योगदान पुऱ्यायो भन्ने बारे धेरथोर जानकारी प्राप्त भएतापनि वैज्ञानिक र व्यवस्थित ढङ्गले समीक्षा गर्न सकिएका छैन । यो विषय नै यस क्षेत्रको प्रमुख समस्याको रूपमा रहेको छ । यही समस्याको परिपूर्तिका निम्ति प्रस्तुत लेख तयार गरिएको छ । समस्याहरू निम्न प्रकारका छन् :

क) नेपाली शास्त्रीय सङ्गीतमा तण्डुकार घरानाको इतिहासबारे जानकारी हुन नसक्नु ,

ख) शास्त्रीय सङ्गीतका लागि सम्पूर्ण जीवन बिताउने तण्डुकार (उस्ताद) हरूको उचित मूल्याङ्कन हुन नसक्नु,

(ग) धर्म, संस्कृति तथा कलाक्षेत्रको जगेर्ना र उन्नत्तिमा हात बटाउँदै आएका आदिबासी तण्डुकारबारे कला क्षेत्रमा जानकारी गराउन नसक्नु ।

## अध्ययनको उद्देश्य

तण्डुकार घराना र नेपाली शास्त्रीय सङ्गीत शीर्षकको यस लेखको प्रमुख उद्देश्य आजीवन शास्त्रीय सङ्गीतमा समर्पित भई तण्डुकार घराना बनाउन सफल उस्तादहरूले आफ्नो जीवनकालको आरोह अवरोहमा गरेका सङ्घर्ष सुख दुःख तथा यस विषयको उन्नयनको लागि भोग्नु परेका बाधा, व्यवधानहरूको समीक्षा गर्नु हो । यस लेखले उल्लिखित विशिष्ट उद्देश्य परिपूर्ति गरेको छ । अध्ययनका उद्देश्यहरू निम्नबमोजिम छन् :

(क) नेपाली शास्त्रीय सङ्गीतमा तण्डुकार घरानाको इतिहासबारे जानकारी गराउने ।

(ख) शास्त्रीय सङ्गीतका लागि सम्पूर्ण जीवन बिताउने तण्डुकार (उस्ताद) हरूको उचित मूल्याङ्कन गराउने ।

(ग) धर्म, संस्कृति तथा कलाक्षेत्रको जगेर्ना र उन्नत्तिमा हात बटाउँदै आएका आदिबासी तण्डुकारबारे कला क्षेत्रमा जानकारी गराउनु ।

## अध्ययन विधि

प्रस्तुत लेख शास्त्रीय सङ्गीतमा घराना कायम गर्ने तण्डुकारहरूले पुऱ्याएका योगदान विषयलाई व्याख्या तथा विश्लेषण गरी तयार पारिएको हुनाले अवलोकन तथा अन्तर्वार्ता विधिको प्रयोग गरी प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ । यस सन्दर्भमा काठमाडौं भोँसिकोटोल निवासी उस्तादहरूले शास्त्रीय सङ्गीतजस्तो गहन विषयमा खेलेको भूमिकालाई विशेष रूपमा समीक्षा गरिएको छ। यस लेखमा प्राथमिक तथा द्वितीयक दुवै प्रकृतिका तथ्याङ्क एवम् सूचनाहरू सङ्कलन तथा व्याख्या विश्लेषण गरिएको छ । अवलोकन तथा अन्तर्वार्ता विधिको प्रयोग गरी प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ । द्वितीयक तथ्याङ्क एवम् सूचना सङ्कलनको लागि पूर्वकार्यहरूको समीक्षा गरिएको हो । समग्रमा यो लेख गुणात्मक अनुसन्धानको ढाँचामा आधारित छ ।

## उपलब्धि

यस अध्ययनमा उपत्यकाभित्र आदिवासी जनजातिको रूपमा युगौंदेखि बसोबास गर्दै आएका नेवार जातिअन्तर्गतका तण्डुकारहरूको सङ्गीतक्षेत्रमा रही आएको योगदानको परिचय दिने कोसिस गरिएको छ । स्वदेशमा मात्र नभई विदेशमा पनि आफ्नो कला कौशलद्वारा नेपाल तथा नेपालीलाई सङ्गीतका गायन, वादन, नृत्य आदिमा गौरवान्वित भएको छ । परम्परागत रूपमा विभिन्न मठ मन्दिर गुठीहरूको सांस्कृतिक निरन्तरता दिन विभिन्न बाजागाजा बजाई हालसम्म पनि आफ्नो संस्कृतिको संरक्षण तथा जगेर्ना गरिरहेको पाइन्छ । तण्डुकारहरूले पुस्तैनी रूपमा विभिन्न दुःखकष्ट सहँदै दयनीय आर्थिक अवस्थामा पनि आफ्नो सिप कलाहरू विभिन्न जाति, जनजातिहरूमा हस्तान्तरण गर्दै साङ्गीतिक घरानाको विशाल संरचना गर्न सक्नु पनि नेपालको लागि ठुलो उपलब्धि तथा गर्वको कुरो मान्नु पर्दछ । तण्डुकार घरानाले विभिन्न विश्वविद्यालय तथा सङ्गीत शिक्षालयहरूमा प्राध्यापन तथा प्रशिक्षण कार्यमा योगदान पुऱ्याउँदै आएका छन् । यसलाई उक्त घरानाको विशेष योगदान मान्न सकिन्छ ।

## तण्डुकार समुदायको चिनारी

तण्डुकारहरू बुद्धकालमा कोलीय जातिको रूपमा प्रख्यात थिए । कोलीयहरू देवदहबाट भागेर उपत्यकामा प्रवेश गर्दा किराँतहरूको राज्य थियो (अन्तर्वार्ता : नरेन्द्र ब. तण्डुकार) । पछि जयस्थिति मल्लले जाति विभाजन गर्दा ज्यापुहरूका बत्तिस जातमध्ये तण्डुकार जाति पनि एक भएको प्रमाण इतिहासमा पाइन्छ । चौधौँ शताब्दीदेखि नै विशेषज्ञको रूपमा चामलको गुणस्तर पत्ता लगाउने क्षमता भएकाले नेवारी भाषामा खुवसः भन्नाले धेरै नै जान्ने अर्थमा खुसः भनेका हुन् । यसरी चामलको काम गर्ने जाति भएकोले संस्कृत भाषाको तण्डुलबाट तण्डुकार भएको हो (तण्डुकार, २०५१, पृ. ६२) । ई.सं. २०११ अनुसार नेवारहरूको कुल जनसङ्ख्या १३२१९३३ केवल ३५५०० अर्थात् २.६९% मात्र तण्डुकारको जनसङ्ख्या रहेको पाइन्छ (सिं, २०१५, पृ. १७) ।

नेपाल संवत् ४०४ राजा नरेन्द्रदेवको पालामा करिब १२ वर्षसम्म उपत्यकामा वर्षा नहुनाले सम्पूर्ण देशवासीमा हाहाकार मच्चिएको थियो । यस्तो स्थितिमा ललित ज्यापुको विषेश अनुरोध र आह्वानमा भक्तपुरका राजा नरेन्द्रदेव, कान्तिपुरका तान्त्रिक बन्धुदत्त आचार्य, स्वयं रथचक्र भरियाको रूपमा ललित ज्यापुको संयुक्त पहलमा रातो मच्छिन्द्रनाथलाई कामारूकामाक्ष (अहिलेको आसाम) राज्यबाट उपत्यकामा ल्याएपछि भारी वर्षा भएको कुरा उल्लेख छ (तण्डुकार, २०५९, पृ. १) । आसामदेखि रातो मच्छिन्द्रनाथलाई बोकेर ल्याउने ललित ज्यापु तण्डुकार जातिको पूर्वज भएकाले ललितपुर कुम्भेश्वर ञ्वातापोलका तण्डुकारले हालसम्म पनि उनको वार्षिक श्राद्ध असोज महिनाको कृष्णऔंसीको दिन गर्दै आइरहेका छन् (अन्तर्वार्ता : सुदन खुसः) । उनकै नामबाट ललितापुर सहरको नाम रहन गएको हो । जुन हाल ललितपुरको नामले प्रख्यात छ । त्यसबेला उनले प्रयोग गरेका सामानहरू नोल, पानसको बत्ती र उनकै मुखाकृत मूर्ति हालसम्म पनि ढुङ्गाको रूपमा कुम्भेश्वरमा देख्न सकिन्छ (तण्डुकार, २०५९, पृ. २) । हालसम्म पनि पुल्चोकबाट प्रारम्भ हुने मच्छिन्द्रनाथको वार्षिक रथारोहण जात्रामा कुम्भेश्वरको तण्डुकारहरूले सर्वप्रथम रथ तान्ने चलन रहिआएको छ (तण्डुकार, २०५९, पृ. ३) ।

प्रत्येक वर्ष रामनवमीको दिन स्वयम्भूनाथ चैत्यको गजुरको तल्लो खण्डमा स्थापित फर्किवाता अमुक भगवान्को पूजा बाजागाजासहित गर्ने काम कुम्भेश्वरकै तण्डुकारहरूले गर्दै आएका छन् । तण्डुकार समाजमा मृत शरीरलाई दाहसंस्कारको लागि घाटतिर लाने क्रममा प्राचीन समयमा काः बाजा बजाएर लाने चलन थियो । काः बाजाको एक अलौकिक शक्तिले निस्कने ध्वनि स्वर्गको राजा इन्द्रसम्म पुग्ने विश्वास गरिन्छ । समसान घाट पुग्नुभन्दा दुई तीनसय मिटर अघि काः बाजामा राग दीपक बजाएर त्यस वरिपरिको वातावरणलाई तताउने काम हुन्थ्यो । जब मलामीहरू घाटमा पुग्थे काः बाजाको अद्भूत ध्वनिबाट जमिन चिरा परी निस्केको आगोको मुस्लोले दाहसंस्कारको काम पूरा हुन्थ्यो भन्ने किंवदन्ती छ (मिश्र, २०५९, पृ. ५७) । लिच्छवी राजाले लाल मोहर लगाई तण्डुकार जातिले मात्र काः बाजा बजाउन पाउने अधिकार दिएको उल्लेख छ (तण्डुकार, २०५१, पृ.३,४) । काः बाजा धार्मिक बाजा पनि हो । मच्छिन्द्रनाथ लगायत अन्य देवदेवीको मेला, जात्रा, पर्वहरू काः बाजा बजाएर यात्रा सुरु गर्ने चलन छ । रणवाद्यको नामले पनि परिचित काः बाजा उहिले उहिले युद्धको बेलामा पनि बजाइने गरिन्थ्यो (तण्डुकार, २०५१, पृ. ४६) ।

आफूलाई काशी गोत्र मान्ने तण्डुकारहरू किराँत लिम्बू संस्कृतिअनुसार छोरी ज्वाइँको सन्तानलाई मामाघरको पेवा सम्झी खुसल भन्दथे । त्यही खुसलबाट खुसः भएकाले तण्डुकारहरू किराँत जातिकै परिवार हुन् भन्ने विश्वास पनि छ (उदय, २०५९, पृ. ८) ।

भाषा वंशावलीअनुसार लिच्छवीकालभन्दा पनि पुरानो जाति मानिने तण्डुकार जातिलाई मल्ल राजाको भान्छामा काम गर्ने भान्छेको रूपमा लिइएको पाइन्छ । व्यञ्जन बनाउने काममा पनि तण्डुकारहरू अति सिपालु देखिन्छन् । तयार भएको भोजन चाखेरमात्र राजा कहाँ पठाउने गर्दथे । यो कुरा चाल पाई राजाले स्यावासी दिई

चतुर मान्छे अर्थात् खुब जान्ने मान्छे भनी खुवसः को संज्ञा दिएकोले त्यही खुवसःबाट खुसः भएको हो (तण्डुकार, २०५१, पृ.२) । तण्डुकार जातिले पुरेत्याइँको काम पनि गर्दछन् । हालसम्म पनि तण्डुकारले कसाइँहरूको घरमा हुने पूजा र श्राद्धको काम स-सम्मानपूर्वक गर्दै आइरहेका छन् । यति मात्र नभई वैद्यको काममा पनि त्यत्तिकै निपुर्ण देखिन्छन् ।

तण्डुकार जातिको प्रमुख बसोबास थलो उपत्यकाभित्रका प्रमुख सहरी क्षेत्र नै हुन् । राणाकाल एवम् सोभन्दा अघि र पछि नेवार जातिलाई सेना र प्रहरी सेवामा भर्ती दिइँदैनथ्यो । उक्त मौका पाउन सहरी क्षेत्रभन्दा बाहिरका तण्डुकारहरूले नगरकोटी वा वाला लेखेको पाइन्छ (तण्डुकार, २०५१, पृ. ५) । हालसम्म पनि प्रशासकीय उच्च ओहदामा आफ्नो पहुँच पुग्न नसकेतापनि तण्डुकार जाति साङ्गीतिक क्षेत्रमा सबैभन्दा अगाडि बढेका देखिन्छन् । यसको सम्पूर्ण श्रेय वडा नं. २४ भौँसीकोटोल निवासी तण्डुकार परिवारलाई जान्छ ।

आदिमकालदेखि परम्परागत शैलीलाई अगाडि बढाउने काममा गुठी, भजनगृह, सङ्घसंस्था, चैत्य, गुम्बा, मठ, मन्दिर, पुस्तैनी घराना, गुरु शिष्य परम्परा आदि सक्रिय रहँदै आएका छन् । यसै पुस्तैनी घरानाअन्तर्गत अहिलेसम्मको प्राप्त जानकारीअनुसार वीरभीमसेन तण्डुकारको परिवार नै अग्रपङ्क्तिमा आउँछ (तण्डुकार, २०५१, पृ. २३) । अतः नेपाली शास्त्रीय सङ्गीतको इतिहासमा वीरभीमसेन तण्डुकारको परिवारको देनलाई स्वर्ण अक्षरले लेखिनु पर्दछ । तण्डुकार घरानाको सुरुवात पुस्तैनी तथा गुरुशिष्य परम्पराअन्तर्गत यसै परिवारबाट विस्तार भएको पाइन्छ ।

## तण्डुकार घराना

गुरुशिष्य परम्पराअन्तर्गत पुस्तौँ पुस्तासम्म झाङ्गिएर फैलिँदै गएको सङ्गीतका विभिन्न विधा गायन, वादन तथा नृत्यका वास्तविक अस्तित्वलाई घराना भनिन्छ । घराना भनेको परिवारवादभन्दा पनि गुरुशिष्य परम्पराअन्तर्गत दिइने शिक्षा तथा उक्त विषयगत प्रविधि हो । हिजोआज घरानाको नाम निशाना मेटिँदै गएको परिप्रेक्ष्यमा भन्नु पर्दा कुन घरानाको विशेषतालाई कहाँ कसले जोगाइ राखेको छ भन्न गाह्रो छ ।पहिलेका विविध घरानाहरूका भिन्नभिन्न विशेषतालाई एउटै विद्यार्थीले अनेकौँ ठाउँबाट र धेरै गुरुहरूबाट सिक्ने, टिप्ने र अध्ययन गर्ने हुँदा घरानाहरूको विशेषताहरू एक आपसमा मिसेर घुलमिल हुने हुँदा घरानाको अवधारणा चोखो रूपमा जीवित रहेको मान्न सकिँदैन ।

प्राचीन घरानाका विशेषताहरू निम्नअनुसार रहेको पाइन्छ - आलाप गर्ने ढङ्ग, आवाज लगाउने तरिका, रागका बन्दिशहरूमा शृङ्गारिकता, मीड, कण, मुर्की, खट्का, गमक तथा बढ्ताका कामहरू, विविध पेचिला खालका लयकारीको प्रदर्शन, आफ्नो आवाज तथा गायकीलाई सुहाउने खालका रागहरू प्रचीन घरानाको प्रमुख विशेषताहरू हुन् । अहिलेको सूचना प्रविधि तथा विभिन्न नयाँ नयाँ प्रविधिहरूको विकास भएको सन्दर्भमा विद्युतीय माध्यम तथा सूचना सञ्जालबाट नक्कल गरेर आफ्नो स्वतन्त्र गायकी निर्माण गर्दै छुट्टै प्रतिभाको विकास गरिने हुँदा घरानाको अस्तित्व समाप्त हुँदै गएको छ (आचार्य, २०७०, पृ.६३, ६५) ।


नेपाली शास्त्रीय सङ्गीतको इतिहासमा तण्डुकार घरानालाई कसैले पनि बिर्सिन सक्दैन । यो सधैँ जीवन्त भइरहन्छ । सङ्गीत क्षेत्रमा तण्डुकारहरू उस्तादको रूपमा परिचित छन् । भौँसीकोटोल निवासी वीरभीमसेनका दुई छोरामध्ये भाजुवीर तण्डुकार जेठा हुन् । उनकाकान्छो छोरा धनवीर सङ्गीततिर लागेको उल्लेख छैन । प्राप्त जानकारी अनुसारअहिलेसम्मकै इतिहासलाई केलाएर जाने हो भने वि.सं. १८९० को दशकमा जन्मिनु भएका गायक भाजुवीर तण्डुकार नै पहिलो गायकको रूपमा देखापर्दछन् । उनका बाबु-बराजुहरू पनि सायद गायक तथा वादक नै होलान् तर अहिलेसम्म कुनै जानकारीमा नआएको र कहीँकतै उल्लेख पनि नभएकोले भाजुवीरलाई नै

पहिलो गायक हुनु पर्दछ । यस विषयमा उनका नाति उ. नारायणप्रसाद तण्डुकार स्वयम् नै अनभिज्ञ छन् । उ. नारायणप्रसादका अनुसार भाजुवीर गायक मात्र नभई नामुद पहलमान पनि थिए । यिनी बेलाबखत कुस्ती पनि खेल्ने गर्दथे । त्यसबेला पहलमान भाजुवीर भनेपछि काठमाडौँमा सबैले चिन्दथे (अन्तर्वार्ता : उ. नारायणप्रसाद तण्डुकार, २०५४/०३/०५) ।

## तण्डुकार परिवारमा घरानाको विकास

सङ्गीत क्षेत्रमा संलग्न तण्डुकारघरानाको प्रथम व्यक्ति उ. भाजुवीर हुन् । तत्कालीन नेपालको साङ्गीतिक क्षेत्रमा उनी एक अत्यन्त प्रख्यात उस्ताद थिए । उनका सबै छोराहरू पनि सङ्गीत क्षेत्रमा नाम कमाएका प्रसिद्ध सङ्गीतज्ञकै रूपमा स्थापित देखिन्छन् । भाजुवीरका वीरबहादुर (सरोदवादक), श्रीबहादुर (बाइसतारे सारङ्गीवादक), गोपालबहादुर (सितारवादक), कुवेरबहादुर (सरोदवादक), उजीर (शास्त्रीयगायक) र बद्रीनाथ तण्डुकार (तबलावादक) गरी छ जना छोरा थिए । तीसबै छोराहरूले आफ्नै बुबाबाट सानै उमेरदेखि सङ्गीताभ्यास गरेको उल्लेख पाइन्छ । छोराहरू मात्र नभई नाति-नातिना, पनाति, खनातिहरूले पनि सोही परम्परालाई कायम राखी आफूलाई शास्त्रीय सङ्गीतमै समर्पित भई आएका छन् ।

यसरी उनका छ जना छोराहरू सबै सङ्गीतमै लागेका देखिन्छन् । त्यसमध्ये जेठा छोरा वीरबहादुर र पाँचौं क्रमका छोरा उजीर तण्डुकारको सङ्गीत जगत्मा विशेष देन रहेको पाइन्छ (दर्नाल, २०३८, पृ.१) । सङ्गीत साधक तण्डुकार घरानाको वंशावली निम्नानुसार छ ।



## सङ्गीतज्ञ उ.उजीर र उ. दुन्देखाँबिच सामञ्जस्यता

वि.सं. १९२१ बैशाख महिनामा पिता भाजुवीर तण्डुकार र माता मानलक्ष्मीको कोखबाट काठमाडौँ न्युरोड नजिकै भोँसीकोटोलमा उजीरको जन्म भएको हो । आफ्नै घरमा साङ्गीतिक वातावरण कायम भएकोले उजीरलाई सानैदेखि आफ्नै पिताको मातहतमा नित्य सङ्गीताभ्यास गर्ने मौका घरघरानामै प्राप्त भएको हो । यस विधालाई अझै पोख्त बनाउन उनले भारतको उ. दुन्देखाँलाई गुरुबनाएका थिए (तुलाधर, २०३६, पृ. ९१) । त्यस बेला राजदरबारदेखि भारदारहरूको घरघरमा एक/दुई जना सङ्गीतज्ञ संरक्षित हुन्थे । उ. उजीरले डिल्लीबजारका गुर्जु भोगेन्द्रराजको थिएटरमा सङ्गीतज्ञ रूपमा जीवनको अन्तिम घडीसम्म आश्रय पाएका थिए (दर्नाल, २०३८,पृ. २) ।

## उ.उजीरमा बगेडीको सङ्गीत सम्मेलनको प्रभाव

वि.सं. १९५६ पुसमा श्री ३ वीरशमशेरले वीरगञ्जको बगेडी भन्ने ठाउँमा झन्डै एक महिना आयोजना गरेको विराट् सङ्गीत सम्मेलनमा भाग लिन आएका भारतका धुरन्धर सङ्गीतज्ञहरूसँग सङ्गत गर्ने मौका पाएकोले उ. उजीरको गायन कला धेरै नै निखारिएको थियो । उनी ख्याल र ध्रुवपद दुबै गाउँथे (तुलाधर, २०३६,पृ. ९१) । उनको गायन कला अत्यन्तै गम्भीर तथा रसिलो थियो । यिनको गला जवारीदार हुनुको साथै पेचिलातानहरू अलङ्कारले भरिएको गायनशैली बेजोडको ध्रुवपद र ख्याल गायनमा कलात्मक लडन्त भिडन्तका कामहरू उनको गायकीको विशेषता थियो । जुन गायकीको परम्परागत अंश रामनाथ तथा नारायणप्रसादको गायन शैलीमा प्रत्यक्षरूपमा सुन्न पाइन्थ्यो (अन्तर्वार्ता: श्रीराम आचार्य, २०७६-४-११) । माथि उल्लिखित घरानाका विशेषताहरू तण्डुकार घरानाका वंशज तथा सर्वशिष्यहरूमा एकनास रूपले व्याप्त रहेको देखिन्छ । भारतमा आयोजित एक जल्सामा उ. उजीरले आफ्नो गायनकला प्रदर्शन गरी सर्वश्रेष्ठ कलाकार घोषित गराउने अवसर प्राप्त गरे । यसरी नेपालको इज्जत बढाउने कलाकारको पङ्क्तिमा उनको नाम अग्रस्थानमा आउने गर्दछ । स्वदेशमै पनि उनले आफ्नो कला प्रदर्शन गरी घरजग्गा बक्सिस पाएको घटना उल्लेखनीय छ । त्यसबेला जर्नेलका छोरा नातिहरूले पनि उनलाई सङ्गीतका गुरुका रूपमा सम्मान गर्ने गर्दथे । श्री ३ जुद्धशमशेर उनको गायनकलादेखि धेरै नै खुसी भएर उनलाई जागिर नै दिएको घटना स्मरणीय छ (आचार्य, २०५६, पृ. १३५-१३७) ।

उ. उजिरले नेपालमा मात्र नभई भारतमा पनि नेपाली कलाकारको मान, प्रतिष्ठा इज्जत बढाएको पाइन्छ । त्यस्तै उ. रामनाथका अनुसार भारतका सङ्गीतज्ञ पण्डित विष्णुदिगम्बर पलुस्कर नेपाल भ्रमणमा आउँदा उ. उजीरको गायनबाट प्रभावित भई प्रशंसापत्र प्रदान गरेका थिए । त्यस्तै अनुसार श्री ३ चन्द्रशमशेरले पनि एक विशेष सङ्गीत जल्सामा उनको गायन शैलीबाट मोहित भई ठुलै बक्सिस दिन चाहेका थिए तर उ. उजीर गुर्जु भोगेन्द्रराजको संरक्षणमा रहेकोले बिचैमा बक्सिसको कुरा रोकी गुर्जु स्वयंले बक्सिस स्वरूप एउटा झिँगटी घर र केही जग्गा प्रदान गरेको बुझिन्छ (दर्नाल, २०३८, पृ.२) । यसरी आफ्नो जीवनकालमा उ. उजीरले नै नेपाली साङ्गीतिक युगलाई हाँक्दै तण्डुकार घराना कायम गर्न सफल भएको देखिन्छ ।

## गुरुशिष्य परम्परा

उ. उजीरले आफ्ना भतिजा रामनाथलाई आफूसँगै राखी सङ्गीत शिक्षा दिएका थिए । उनकै छाप परेर होला रामनाथको कण्ठबाट हुबहु उ. उजीरले नै गायन प्रस्तुत गरे जस्तै लाग्दछ । यो विषयको जानकारी त्यतिबेलाका सङ्गीतज्ञहरूले दिएका हुन् । उनले आफ्नो जेठा छोरा नरसिंभाइलाई पनि सङ्गीत शिक्षा प्रदान गरेका थिए । नरसिंभाइ पनि राम्रो कलाकार नै थिए तर उनको मृत्यु अल्पायुमै भएकाले त्यति नाम राख्न सकेनन् । उ. उजीरका कान्छा छोरा रामेश्वर भजनमण्डलमा भजन गाउने कलाकार हुन् । उनमा शास्त्रीय सङ्गीतको

ज्ञान भएतापनि त्यसतर्फ नलागेको बुझिन्छ (तण्डुकार, २०५१, पृ. २४) । सङ्गीत प्रवीण नरराज ढकालसँगको कुराकानीमा आफ्नो गुरु सङ्गीत शिरोमणि यज्ञराज शर्माले उ. उजीर तथा बालाप्रसाद मिश्रसँग प्रारम्भिक सङ्गीतशिक्षा हासिल गरेको कुरा सुनाएका थिए (अन्तर्वार्ता : नरराज ढकाल, २०५५/०४/०४) ।

## तण्डुकार घरानाको योगदान

शास्त्रीय सङ्गीत जगत्मा सरोदवादक उ. वीरबहादुर तण्डुकार, सारङ्गीवादक उ. श्रीबहादुर तण्डुकार, सितारवादक उ. गोपालबहादुर तण्डुकार, सरोदवादक उ. कुवेरबहादुर तण्डुकार, शास्त्रीयगायक उ. उजीर तण्डुकार र तवलावादक उ. बद्रीनाथ तण्डुकारको महत्त्वपूर्ण देन रहेको छ । उनीहरू सबै आ-आफ्ना विधामा उत्तिकै पोख्त थिए । आ-आफ्ना विधाबाहेक उनीहरूलाई गायन विधाको पनि राम्रो ज्ञान थियो । एउटै परिवारमा सबै विधाका कलाकारहरूको जमघटले गर्दा एकले अर्कोलाई सजिलैसँग सहयोग प्राप्त हुनाले सबैजना आ-आफ्ना विधामा छोटो समयमै परिपक्व भएर अगाडि बढ्न सफल भएको थाहा पाइन्छ । देश विदेशमा गई आफ्नो कला प्रदर्शन गरी बाबुले स्थापित गरेको सङ्गीत विधाद्वारा तण्डुकार घरानाको परिचय दिन कोही पनि पछि परेनन् । विडम्बनाको कुरा यो छ कि त्यतिबेला रेकर्ड गर्ने कुनै माध्यम नभएकाले उनीहरूको प्रतिभा र सङ्गीतकला सुन्न र सुनाउन कुनै पनि साधन तथा सामग्री उपलब्ध छैनन् । तत्कालीन राजा त्रिभुवनको राज्यकालमा उ. भाजुवीरका सबै छोराहरू अनि नातिहरूमा उ. रामबहादुर तण्डुकार, उ. रामनाथ तण्डुकार र उ. नारायणप्रसाद तण्डुकार उल्लेखनीय सङ्गीतज्ञहरू थिए । वि.सं. २००७ चैत्र २० गते रेडियो नेपालको स्थापना भएपछिउ. रामबहादुर, उ. रामनाथ र उ. नारायणप्रसाद तण्डुकारले रेडियो प्रसारणद्वारा जनमानसमा शास्त्रीय सङ्गीतको प्रचार गर्नमा प्रमुख भूमिका निभाएको स्पष्ट देखिन्छ (दर्नाल, २०३८,पृ. ५४) । यस घरानाका कान्छो उस्ताद नारायणप्रसाद तण्डुकार रेडियो नेपालको प्रतिष्ठित कलाकार भई जीवनको अन्तिम समयसम्म सङ्गीतको सेवामा समर्पित भएको पाइन्छ ।

उ. वीरबहादुरको छोरा रामबहादुरले पनि उ. उजीरसँग सङ्गीत सिक्ने मौका पाएका थिए । रामबहादुरको जन्म वि.सं. १९६२ पौषको पञ्चमीमा भएको थियो । बिस/बाइस वर्षकै उमेरमा रामबहादुरले एक प्रसिद्ध कलाकार भई नाम कमाइसकेका थिए । घरानीय शिक्षाले मात्र चित्त नबुझी उ. रामबहादुर सङ्गीतकलाका अन्य क्षेत्रको प्रत्यक्ष अध्ययन गर्न र अनुभव बटुल्ने क्रममा भारतको विभिन्न ठाउँमा गई त्यहाँका शैलीहरूको अध्ययन गर्नुको साथै आफ्नो कला र प्रतिभाको प्रदर्शनबाट सबैलाई रिझाएका थिए । यसैक्रममा रामबहादुर लखनऊका एक ठुलो उस्तादको घरमा सङ्गीत सिक्न जाँदा ती उस्तादले उनलाई महिनौँसम्म आफ्नोसेवा मात्र गराई राखे । रामबहादुरले पनि उक्त सेवाटहलमा कुनै कमी हुन नदिई नुहाउनको लागि पानी भरिदिने, बाथरूम सफा गरिदिने, बजारबाट सामान किनेर ल्याइदिने र उस्तादलाई तेल मालिस गरिदिने जस्ता कार्यहरू गरिरहे तर उस्तादले सङ्गीत सिकाउने कुनै छाँटकाँट नदेखेपछि उनका बेगम साहिबालाई अति नै दया लागेर उस्तादलाई यो नेपाली केटा धेरै इमान्दार र जिउज्यान लगाई हजुरको सेवा गरिरहेको छ । अब यसलाई केही सिकाइ दिनू भनेअनुसार एक/डेढ वर्षपछि केही सङ्गीतको साधना र रागहरू सिकाउँदै गए । बेगम साहिबाले पनि उस्तादको अनुपस्थितिमा रामबहादुरको लगनशीलता र बेजोडको गायनकलाबाट प्रभावित भई आफूले माइतीबाट दाइजोमा ल्याएको पाँचसयओटा दाइजो परनबाट अधिकांश परनहरू सिकाई दिएकी थिइन् । यसरी रामबहादुरले आफ्नो सङ्गीतकलालाई तिखार्ने मौका पाएका हुन् (अन्तर्वार्ताः श्रीराम आचार्य, २०७६-४-११) । पण्डित ओमकारनाथ ठाकुरबाट पनि सङ्गीत शिक्षा प्राप्त गरी सङ्गीत प्रभाकरको प्रमाण-पत्र हासिल गरेको उल्लेख छ । यसरी विदेशी सङ्गीतज्ञको हातबाट सङ्गीत प्रमाण-पत्र प्राप्त गर्ने उनी पहिलो र एक मात्र सङ्गीतज्ञ हुन् । उनी ख्याल, ध्रुवपद र धमारजस्ता गायन शैली लगायत वादनकलामा पनि त्यतिकै निपुण थिए । उनी धेरै भाषाका ज्ञाता पनि हुन् । भनिन्छ कि देश, विदेश, दरबार अनि

घरबार जहाँ पनि सङ्गीत जल्सा, सम्मेलन आदिमा उनको उपस्थितिलाई अनिवार्य जस्तै मानिन्थ्यो । सङ्गीतविनाको जीवन मृत प्रायः लाग्छ भन्ने उनको महान् वाणी नै हो । नेपाल सङ्गीत समितिको अध्यक्ष र रेडियो नेपालको शास्त्रीय सङ्गीतको पहिलो निर्देशक भई उनले काम गरेको पाइन्छ । त्यसबेला रेकर्ड र टेप गर्ने कुनै व्यवस्था नभएकाले उनको गायन प्रतिभा सुनाउने कुनै आधार भएन (दर्नाल, २०३८, पृ. ५३-५४) ।

उ. वीरबहादुरको दुई छोरामध्ये कान्छा छोरा रामबहादुर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्याति प्राप्त धुरन्धर शास्त्रीय गायक हुन् । उनले प्रारम्भिक शिक्षा आफ्नै बाबुसँग विरासतमा प्राप्त गरेका हुन् । पछि उनले उ. उजीरसँग सङ्गीत शिक्षा हासिल गरेका थिए । त्यस्तै उ. रामबहादुरका छोरा ओमकारराम पनि तबलावादक तथा गायक नै भएको बुझिन्छ । उ. वीरबहादुरको जेठा छोरा केदारबहादुर तण्डुकार पनि गायक, वादक तथा नाटककार भई निस्केको देखिन्छ । उ. भाजुवीरको काहिला छोरा उ. कुवेरबहादुर पनि आफ्नो जमानाको धुरन्धर उस्ताद नै थिए । उनी वाद्यवादनमा सरोद, सितार, गिटार, बेञ्जु, तबला आदि बजाउन निपुण भएको बुझिन्छ । उनका छोरा वैद्यनाथ पनि गायन र तबलावादन नै गर्दथे (तण्डुकार, २०५१, पृ. २४) ।

वि.सं. १९२४ तिर यसै परिवारमा जन्मेका तवलावादक उ. बद्रीनाथ तण्डुकार पनि डिल्लीबजारका गुर्जु भोगेन्द्रराज कहाँ नै संरक्षित थिए । उ. बद्रीनाथ तबला विधामा मात्र नभई सरोदवादन, ध्रुवपद, ख्याल, गजल जस्ता शैलीमा पनि पोख्त थिए । उनको मुख्य विषय तबलावादन नै हो । उनी कत्थक नृत्य पनि गर्दथे । उ. बद्रीनाथको गायन शैलीमा भारतको ग्वालियर घरानाको शैली पाउन सकिन्छ (भण्डारी, २०५८,पृ. २६९) । उ. बद्रीनाथ आफ्नो माहिलो छोरो रामनाथले पढाइतर्फ पनि राम्रो दखल राखून् भन्ने चाहन्थे तर छोराको ध्यान सङ्गीततर्फ, त्यसमा पनि विशेष गरी शास्त्रीय गायन तर्फ भएकाले तालसम्बन्धी ज्ञान आफैले प्रदान गरी, गायनको लागि आफ्नो दाइ उ. उजीर तण्डुकारलाई आफ्नो छोरा सुम्पिदिएका थिए । वि.सं. १९७० फागुन तृतीयामा जन्मेका उ. रामनाथले आफ्नो ठाहिँलाबा उ. उजीरबाट गायनकलाको तालिम प्राप्त गरेकाले उ. उजीरकै शैलीको छाप पर्न गएको पाइन्छ । यस कुराको वर्णन त्यतिबेलाका बुढापाका सङ्गीतज्ञहरूले भन्ने गर्दछन् (दर्नाल, २०३८, पृ. ६३) ।

अल इन्डिया रेडियोमा सङ्गीतकलाको परीक्षा दिई सफल भएपछि उनलाई उच्च श्रेणीको गायक भनी उक्त रेडियोले उ. रामनाथको कार्यक्रमहरू लामो समयसम्म भारतबाट प्रसारण गरेको थाहा भएको छ । भारतको विभिन्न ठाउँमा गायन प्रस्तुत गरेबापत धेरै पुरस्कार, प्रशंसापत्र, स्यावासी र सम्मानद्वारा सम्मानित पनि भए । स्वदेशमा पनि विभिन्न सङ्गीत सम्मेलनमा भाग लिई तत्कालीन सङ्गीतप्रेमी राजा महेन्द्रबाट 'सङ्गीत रत्न' पदवी पाएका थिए (दर्नाल, २०३८, पृ. ६४,६५) । उक्त फोटो बाल्यकालमा आउने जाने क्रममा उनको घरमा देखेको स्मरण रहिरहेको छ । उनले रेडियो नेपालमा शास्त्रीय सङ्गीत प्रबन्धक भई काम गर्ने सु-अवसर पनि पाएको देखिन्छ । घरमा आउने सङ्गीतप्रेमीहरूलाई उनी निःशुल्क सङ्गीत शिक्षा प्रदान गर्दथे । आफ्नो पुस्तैनी सम्पत्तिको रूपमा रहेको शास्त्रीय सङ्गीतको विकासकालागि उनले लामो समयसम्म नेपाली सङ्गीत जगत्को सेवा गरे (तण्डुकार, २०५१,पृ. २७) ।

## तण्डुकार घरानाका पछिल्ला पुस्ता

उ. रामनाथ तण्डुकारका पाँचजना दाजुभाइहरूमा साहिँला भाइ उ. नारायणप्रसाद तण्डुकार दाजुजस्तै शास्त्रीय गायनमा नै लागेका थिए । उ. नारायणप्रसाद रेडियो नेपालको शास्त्रीय सङ्गीत विभागमा कार्यरत थिए । उनी जोसिलो तथा उत्साहजनक गायन प्रदर्शन गर्न सक्दथे । उनको गायन सुन्दा अरूलाई पनि गाऊँ गाऊँ लाग्ने उत्साह मिल्थ्यो । राणाहरूको घरघरमा गई शास्त्रीय सङ्गीतको शिक्षा प्रदान गर्ने काम उनीबाट भएको थियो । तण्डुकार घरानाबाट उनी रेडियो नेपालको पहिलो प्रतिष्ठित कलाकार बन्न सफल भएका छन् । तत्कालीन

राजा वीरेन्द्रबाट एक स्वर्ण पदक, तीन रजत पदक तथा गोरखा दक्षिण बाहुलगायत अनैकौं सम्मानपत्रहरूद्वारा सम्मानित भएको पाइन्छ । वि.सं. १९०९ तिर भारतको लखनउ, कलकत्ता, इलाहावाद, मजफरपुरमा आयोजित बृहत् सङ्गीत सम्मेलनमा भाग लिन भारत सरकारको तर्फबाट श्री ३ जुद्धशमशेर कहाँ निमन्त्रणा प्राप्त भएको थियो । उ. उजीरको सिफारिसमा उ. रामनाथ र उ. नारायणप्रसादलाई पठाउने निर्णय भयो । निर्णय पश्चात् उ. रामनाथ र उ. नारायणप्रसाद नेपालको प्रतिष्ठा राख्न उक्त बृहत् शास्त्रीय सङ्गीत सम्मेलन गई राग वागेश्वरी, राग दरबारी र राग विहाग प्रस्तुत गरेर आफ्नो विद्वताको परिचय दिएका थिए । उक्त सम्मेलनमा पं. ओमकारनाथ ठाकुर, नारायणराव पटवर्धन, कृष्णाराव पटवर्धन लगायत भारतका धुरन्धर सङ्गीतज्ञहरूको जमघट भएको बुझिन्छ (अन्तर्वार्ता : उ. नारायणप्रसाद तण्डुकार) । त्यस्तै रेडियो नेपाल, नारायणहिटी दरबारको नारायण स्थान, राजदरबार, राणाहरूको दरबार तथा अन्य विभिन्नठाउँ पनि ध्रुवपद, धमार, ख्याल जस्ता गायनशैलीमा उच्चस्तरीय जुगलबन्दी प्रस्तुत गरेका छन् । रेडियो नेपालको पुस्तकालयमा उ. रामनाथ र उ. नारायणप्रसादका टेपहरू अहिले पनि संरक्षित छन् । तत्कालीन अधिराजकुमार बिरेन्द्रको विवाहको उपलक्ष्यमा आयोजित राजकीय समारोहमा उ. रामनाथ र उ. नारायणप्रसादले प्रस्तुत गरेको गायन यस प्रकार छ :

आज मङ्गल शुभ गुण गाएँ
शुभ विवाहको शुभ मुहूर्तमा
राग सारङ्ग यो गाएँ ।

तत्कालीन राजा महेन्द्रको मृत्युपछि सम्झनास्वरूप रामायण गाउने कार्यमा पनि सघाएको देखिन्छ (तण्डुकार, २०७४, पृ. २३) ।उनका अरू दाइभाइहरू पनि सङ्गीतमै लागेको बुझिन्छ । उनका जेठा दाइउ. गोरखबहादुर शास्त्रीय गायक, भाइतुलसीप्रसाद तवलावादक, कान्छो भाइ प्रेमप्रसाद नाटक कलाकारकै रूपमा परिचित भएतापनि बाहिरतिर प्रत्यक्ष रूपमा देखा नपरेको थाहा हुन्छ । उ. रामनाथ र उ. नारायणप्रसाद पछि उनीहरूका परिवारमा अरू सन्तान शास्त्रीय सङ्गीतमा लागेका छैनन् । छिटफुट रूपमा हल्का सङ्गीततर्फ लागेको देखिन्छ ।

वि.सं. २०५० देखि हालसम्म पद्मकन्या बहुमुखी क्याम्पसको सङ्गीत विभागअन्तर्गत शास्त्रीय गायनतर्फ कार्यरत यो लेखक पनि यसै तण्डुकार घरानासँग सम्बन्धित सङ्गीत साधक हुन् । यस घरानाबाटै प्रेरणा पाई यस घटनाका विभिन्न गुरुहरूबाट शास्त्रीय सङ्गीतको ज्ञान लिई तण्डुकार घरानाकै मार्ग दर्शनमा हिँड्ने अठोटका साथ शास्त्रीय सङ्गीतको सेवामा निरन्तर समर्पित रहेकी व्यक्तित्व हो । उ. रामनाथ तण्डुकारको घरानिया सङ्गीतको प्रभाव र प्रेरणाबाट आकर्षित भई शास्त्रीय सङ्गीतमै लागेकी छन् ।

## निष्कर्ष

नेवारी परम्परागत सभ्यता, संस्कृति तथा कला संरक्षणको क्रममा धिमे, खीं, बाँसुरी, झ्याली, काः आदि बाजाहरूमा नेवारी लोकधुन, परम्परागत धुन लगायत सङ्गीतमय ध्वनि गुञ्जायमान गरी विभिन्न चाडपर्वको अवसरमा देवदेवताको मठ मन्दिर, चैत्य गुम्बा गई आ-आफ्नो इष्ट देवीहरूलाई पुज्ने संस्कारलाई तण्डुकार जातिले भव्यताका साथ मनाउँदै आइरहेका छन् । यसरी समाजमा चल्दै आएका रीतिरिवाज, संस्कृति, कला तथा परम्परालाई जगेर्ना गर्नु आफैमा एक ठुलो चुनौती हो । विभिन्न परिस्थितिमा पनि यी चुनौतीहरूको सामना गर्दै धर्म, कला, सांस्कृतिक मान्यता तथा ऐतिहासिक परम्परा यथावत् कायम राख्न सक्षम नेवार जातिभित्र उपत्यकाका प्रथम आदिवासी जनजाति तण्डुकार (खुसः) पनि एक हुन् ।

अन्तमा काठमाडौँको मुटु न्युरोड वीरअस्पताल पछाडि भोँसीकोटोल निवासी तण्डुकार घरानाको इतिहासलाई पल्टाउँदा वीरभीमसेन तण्डुकारको वंशज अर्थात् उनका छोरा, नाति, पनाति, खनाति गरी पाँचौँ/छैटौँ पुस्तासम्मका सबै सन्तानहरू शास्त्रीय गायन वादन तथा नृत्यमा लागी आफ्नो पुस्तैनी परिवार लगायत गुरु शिष्य परम्पराअन्तर्गत सबै जातजाति, वर्णका सङ्गीत अनुरागीहरूको माझमा समेत सङ्गीत शिक्षा प्रदान गरी गरिमामय सङ्गीत घराना तयार गर्न सफल भएका छन् । सङ्गीत मात्र नभई नाटक सिकाउने, आफू स्वयंले पनि खेल्ने, नाटकमा सङ्गीत भर्ने जस्ता कार्य गरेको पनि देखिन्छ । यसरी नेपालमा शास्त्रीय सङ्गीतको परम्परागत शैलीलाई जीवन्त राख्न, देश विदेशमा त्यसको प्रचार-प्रसार, विकास र संरक्षण गर्न तण्डुकार घरानाले पुऱ्याएको योगदानलाई नेपालको शास्त्रीय सङ्गीतको इतिहासमा स्वर्णाक्षरले लेखिनेछ ।

## सन्दर्भ सामाग्री


आचार्य, श्रीराम (२०५६). **सङ्गीतामृत प्रथमाहुति**. काठमाडौँ : सङ्गीतामृत प्रकाशन समिति ।

आचार्य, श्रीराम (२०७०). **सङ्गीतामृत तृतीयाहुति**. काठमाडौँ : सङ्गीतामृत प्रकाशन समिति ।

उदय, ज्यो. प्र. के. वी (२०५९). 'नेपाली संस्कृतिको संस्कारमा तण्डुकार'. *नेपाल तण्डुकार समाज-स्मारिका.* (वर्ष ४, अङ्क ४), पृष्ठ १-२ ।

तण्डुकार, जेन (२०५१). 'तण्डुकार जाति :एक चिनारी'. *नेपाल तण्डुकार समाज-स्मारिका.* (वर्ष १, अङ्क १), पृष्ठ ३-५ ।

तण्डुकार, मदन (२०५१). 'सङ्गीत क्षेत्रमा तण्डुकार जातिको योगदान', *नेपाल तण्डुकार समाज-स्मारिका,* (वर्ष १, अङ्क १), पृष्ठ २३-३३ ।

तण्डुकार, महेश (२०५१). 'तण्डुकार जातिमा काः बाजाको स्थान', *नेपाल तण्डुकार समाज-स्मारिका,* (वर्ष १, अङ्क १), पृष्ठ ४६ ।

तण्डुकार, श्यामकाजि (२०५१). 'आर्थिक दृष्टिकोणले तण्डुकार जाति', *नेपाल तण्डुकार समाज-स्मारिका,* (वर्ष १, अङ्क १), पृष्ठ ६२-६३ ।

तण्डुकार, श्यामबहादुर (२०५९). 'ललितापुरी नगरी तण्डुकार जातिको चिनारी', *नेपाल तण्डुकार समाज-स्मारिका,* (वर्ष ४, अङ्क ४), पृष्ठ १-३ ।

तण्डुकार, सरोजनी (२०६७). **बागमती अञ्चलको लोकगीत बारे झलक,** काठमाडौँ, सङ्गीतामृत प्रकाशन समिति ।

तण्डुकार, सरोजनी (२०७४). 'शास्त्रीय म्ये हालामि', *थौकन्हे,'* (दँ ६७, ल्याः ६, थ्यंल्या २४७), पृष्ठ २३ ।

तुलाधर, प्रेमशान्ति (२०५७). **नेपाल भाषा साहित्यका इतिहास, यैं,** नेपाल भाषा एकेडेमी ।

तुलाधर, बुद्धरत्न (२०३६). **सङ्गीत साधन, भाग २,** काठमाडौँ : पाठ्क्रम विकास केन्द्र (त्रि. वि.) ।

दर्नाल, रामशरण (२०३८). **नेपाली सङ्गीत साधक,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बज्राचार्य, ज्ञानेन्द्ररत्न (२०६८). **बज्र दर्शन**. काठमाडौँ : बज्र कला कुञ्ज ।

भण्डारी, अच्युतराम (२०५८). **तालानन्द.** काठमाडौँ : आर. डि. एन. पब्लिकेशन ।

मिश्र, मदनमोहन (२०५९). 'तण्डुकारको सम्झना'. *नेपाल तण्डुकार समाज-स्मारिका.* (वर्ष ४, अङ्क ४). पृष्ठ ५७।

शाक्य, केशवमान (२०५१). 'तण्डुकार, कोलीय व शाक्य'. *नेपाल तण्डुकार समाज-स्मारिका.* (वर्ष १, अङ्क १). पृष्ठ ६५।

श्रेष्ठ, स्वयम्भूलाल (११२०). **झिझि.** काठमाडौँ : स्वयम्भूलाल श्रेष्ठ ।

Singh, Prof. Dr. Mrigendralal (2015)=**NEPAMI**= yen. Author on Behalf of Khanla Bala Dabu.

**स्रोत व्यक्तिहरू**

| क्र.सं | नाम | कार्यरत संख्या | पद/विशेषता | मिति |
|---|---|---|---|---|
| १ | नरराज ढकाल | ललितकला क्याम्पस (सेवा निवृत्त) | सङ्गीत प्रवीण | २०५०/३/१२ २०५५/४/४ |
| २ | नरेन्द्रबहादुर तण्डुकार | नेपाल तण्डुकार समाज | महासचिव | २०७६/३/२० |
| ३ | उ. नारायणप्रसाद तण्डुकार | रेडियो नेपाल (सेवानिवृत्त) | प्रतिष्ठित कलाकार | २०५४/३/५ |
| ४ | श्रीराम आचार्य | पद्मकन्या कलेज (सेवानिवृत्त) | प्राध्यापक | २०७६/४/११ |
| ५ | सुदन (खुसः) तण्डुकार | व्यापारी (निजी) | साहित्यकार | २०७६/२/१५ |



**उ. बद्रीनाथ ण्डुकार**



**उ. रामबहादुर तण्डुकार**



**उ. रामनाथ तण्डुका**



**उ. नारायणप्रसाद**